Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १६ | वि.सं. २०८३ वैशाख १६ बुधवार | नेपाल संवत: ११४६ | वैशाख शुक्ल त्रयोदशी | Wednesday 29 April 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ |-

# चालु वर्षमा देशको अर्थतन्त्रको आकार ६१ खर्ब पुग्ने अनुमान

"आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्क अनुसार उक्त वर्षमा जीडीपीको ९३.३१ प्रतिशत अन्तिम उपभोग खर्च भएको छ।



**ओम शाही**
**सुर्खेत, १५ बैशाख ।**

चालु आर्थिक वर्षको आर्थिक वृद्धिदर ४ प्रतिशतको हाराहारीमा रहने केन्द्रीय तथ्यांक कार्यालयले प्रक्षेपण गरेको छ। सरकारले वित्त नीतिमार्फत यस वर्षका लागि ६ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य राखे पनि विविध कारणले यस वर्ष आर्थिक वृद्धिमा संकुचन आउने तथ्यांक कार्यालयले जनाएको छ। तथ्यांक कार्यालयका अनुसार यस वर्ष उपभोक्ता मूल्यमा आधारित कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को आधार ४.०१ प्रतिशतले वृद्धि हुँदै ६६ खर्ब पुग्नेछ।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा यस्तो जीडीपीको आकार ६१ खर्ब ९९ अर्ब थियो। यस्तै, उपभोक्ता मूल्यमा आधारित जीडीपीको आकार आर्थिक वर्ष, २०८०/८१ मा ५७ खर्ब ६० अर्ब रुपैयाँबराबर थियो। उसो त आर्थिक वर्षका लागि ४ प्रतिशतको आर्थिक वृद्धिदरको प्रक्षेपण गरिराख्दा विश्व बैंक, एसियाली विकास बैंकसहित अन्तर ाष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले भने सन् २०२६ मा नेपालको आर्थिक वृद्धि ३ प्रतिशत नकट्ने दाबी प्रस्तुत गरेका छन्।

विश्व बैंकले यस वर्ष नेपालको आर्थिक वृद्धि २.३ प्रतिशत हाराहारी रहने दाबी प्रस्तुत गरेकोमा एसियाली विकास बैंकले २.७ प्रतिशत आर्थिक वृद्धिको प्रक्षेपण गरेका छन्। विदेशी निकायहरूको प्रक्षेपणको तुलनामा सरकारको प्रक्षेपण बढी हो। हाल प्रकाशित राष्ट्रिय लेखाका स्थिर मूल्यका अनुमान आर्थिक वर्ष २०६७/६८ को मूल्यमा आधारित छन्।

त्यसैगरी, आर्थिक वृद्धिदर मापन गर्नका लागि स्थिर मूल्यमा मापन गरिएको कुल गार्हस्थ्य उत्पादन प्रयोग गरिएको छ, जसअनुसार, आर्थिक वर्ष २०८२/८३ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.६८ प्रतिशत र उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ।

आधारभूत मूल्यको आर्थिक वृद्धिदर

बाँकी ४ पेजमा

## यस्ता छन् अन्य आर्थिक सूचकको अवस्था

आर्थिक वर्ष २०८२/८३ मा आधारभूत मूल्यको कुल उत्पादन ९९ खर्ब २२ अर्ब ९० करोड हुने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा कुल उत्पादन ९३ खर्ब ८४ अर्ब ५० करोड रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्कअनुसार उक्त वर्षमा कुल उत्पादन रु. ८७ खर्ब ८१ अर्ब २ करोड कायम गरिएको छ।

यस्तै, आर्थिक वर्ष २०८२/८३ मा उपभोक्ताको मूल्यको मध्यवर्ती उपभोग ४१ खर्ब २७ अर्ब ३२ करोड हुने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा मध्यवर्ती उपभोग ३९ खर्ब ३० अर्ब ९ करोड रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्कअनुसार उक्त वर्षमा मध्यवर्ती उपभोग रु.३६ खर्ब ७६ अर्ब २१ करोड कायम गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा कुल ग्रार्हस्थ उत्पादन (जीडीपी)को २६.२६ प्रतिशत कुल स्थिर पुँजी निर्माण हुने प्रारम्भिक अनुमान गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ मा जीडीपीको २३.५७ प्रतिशत कुल स्थिर पुँजी निर्माण हुने संशोधित अनुमान थियो। आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्कअनुसार उक्त वर्षमा जीडीपीको २४.५१ प्रतिशत कुल स्थिर पुँजी निर्माण भएको छ। आर्थिक वर्ष २०८२/८३ मा न्मए को ९०.२९ प्रतिशत अन्तिम उपभोग खर्च हुने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा जीडीपीको ९३.११ प्रतिशत अन्तिम उपभोग खर्च हुने संशोधित अनुमान छ। आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्क अनुसार उक्त वर्षमा जीडीपीको ९३.३१ प्रतिशत अन्तिम उपभोग खर्च भएको छ।

आर्थिक वर्ष २०८२/८३ मा जीडीपीको ९.९७ प्रतिशत निर्यात हुने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा जीडीपीको ८.८३ प्रतिशत निर्यात हुने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ को अन्तिम तथ्याङ्क अनुसार उक्त वर्षमा जीडीपीको ७.५५ प्रतिशत निर्यात भएको छ।

यस्तै, आर्थिक वर्ष २०८२/८३ मा

बाँकी ३ पेजमा

## ३३ प्रतिशत विप्रेषण प्राप्त हुने अनुमान

चालु आर्थिक वर्षमा जीडीपीको ३३.०२ प्रतिशत विप्रेषण प्राप्त हुने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८३ मा जीडीपीको २७.८० प्रतिशत विप्रेषण प्राप्त संशोधित अनुमान गरिएको थियो। आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्क अनुसार उक्त वर्षमा जीडीपीको २५.०९ प्रतिशत विप्रेषण प्राप्त भएको छ।

यस्तै, यस वर्ष प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १५ सय १३ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १५ सय १६ अमेरिकी डलर हुने संशोधित अनुमान थियो। आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्क अनुसार उक्त वर्षमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १४ सय ५६ अमेरिकी डलर कायम भएको छ। चालु आर्थिक वर्षमा प्रतिव्यक्ति कुल राष्ट्रिय आय १५ सय ३५ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान छ।

# बाँके निकुञ्जमा कृत्रिम पोखरी र घाँसे मैदान विस्तार

**सरला सुवेदी**
**बाँके,१५ बैशाख ।**

बाँके राष्ट्रिय निकुञ्जमा पछिल्लो समय वन्यजन्तुको बासस्थान व्यवस्थापनलाई प्रभावकारी बनाउँदै कृत्रिम पानीपोखरी र व्यवस्थित घाँसे मैदान निर्माण गरिएको छ।

यी संरचना विस्तार भएसँगै वन्यजन्तुका लागि पानी र आहारको सहज उपलब्धता बढेको छ भने मानव-वन्यजन्तुबीच हुँदै आएको द्वन्द पनि क्रमशः घट्दै गएको सरोकारवालाहरूले बताएका छन्।

निकुञ्जभित्र सोलार लिफ्ट प्रविधिमार्फत अटोमेटिक पानीपोखरी, कृत्रिम तालतलैया र घाँसे मैदान निर्माण गरिएपछि वन्यजन्तुको बासस्थान थप अनुकूल बन्दै गएको छ। निकुञ्ज प्रमुख बिरेन्द्र प्रसाद कडेलका अनुसार यस्ता पूर्वाधारले वन्यजन्तुलाई प्राकृतिक रूपमा बस्न, खान र पानी पिउन सहज बनाएको छ, जसले गर्दा उनीहरू बस्ती नजिक जाने प्रवृत्ति घट्न थालेको छ।



भौगोलिक रूपमा पनि बाँके राष्ट्रिय निकुञ्ज वन्यजन्तुका लागि उपयुक्त मानिन्छ। विगतमा पानीको अभाव चुनौती बनेको भए पनि अहिले चुरे क्षेत्रका मुहानबाट पाइपलाइनमार्फत पानी व्यवस्थापन गरिएपछि समस्या धेरै हदसम्म समाधान भएको छ। मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष गेहेन्द्र खड्काले पानीको सहज पहुँचले वन्यजन्तु अवलोकनमा समेत सहजता आएको र त्यसले पर्यटक आकर्षण बढाउन सहयोग पुगेको बताए।

निकुञ्ज क्षेत्रमा बाघ, चितुवा, जंगली हात्ती, मृग, चित्तल, रतुवा, बदेल, जरायो तथा विभिन्न प्रजातिका चराचुरुङ्गी पाइन्छन्। व्यवस्थित घाँसे मैदान र पानीपोखरी निर्माणपछि यस्ता वन्यजन्तुको संख्या समेत वृद्धि हुँदै गएको देराली हरियाली सामुदायिक वनका अध्यक्ष लोकेन्द्र खत्रीले जानकारी दिए।

वन्यजन्तु संरक्षणका लागि सोलार प्रविधिबाट पानी व्यवस्थापन गर्दा जंगली हात्तीले संरचना नोक्सान नगरोस् भनेर विशेष संरचना निर्माण गरिएको छ। करिब ७ फिट गहिरो र २० फिट अग्लो सालका काठ प्रयोग गरेर सुरक्षात्मक संरचना बनाइएको छ। वन्यजन्तुबाट प्रभावित स्थानीयहरू समेत अहिले संरक्षणप्रति सचेत बन्दै गएका छन्। वन्यजन्तु पीडित कुलबहादुर भण्डारीले संरक्षणबिना समृद्धि सम्भव नभएको अनुभूति गर्दै समुदाय पनि संरक्षण अभियानमा जोडिन थालेको बताए।

हाल निकुञ्ज क्षेत्रभित्र करिब ३० वटा पानीपोखरी निर्माण भइसकेका छन्। यी प्रयासले वन्यजन्तुहरू निकुञ्जभित्रै सुरक्षित र सहज रूपमा बस्न थालेसँगै मानव-वन्यजन्तु द्वन्द घट्दै गएको छ। बाँके राष्ट्रिय निकुञ्जमा गरिएको बासस्थान व्यवस्थापनले संरक्षण र सहअस्तित्वको उदाहरण प्रस्तुत गरेको छ। दीर्घकालीन रूपमा यस्ता पहलले वन्यजन्तु संरक्षण मात्र होइन, पर्यटन प्रवर्द्धन र स्थानीय समुदायको जीवनस्तर सुधारमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।






## सम्पादकीय....

# सरकारी सुस्तता किन ?

नेपालको विकास र समृद्धिको यात्रामा ऊर्जा आत्मनिर्भरता सबैभन्दा बलियो आधार हुन सक्छ। लामो समयदेखि सम्भाव्यता र चर्चामा सीमित दैलेखको पेट्रोलियम अन्वेषणले गत १७ पुस २०८१ मा एउटा ऐतिहासिक मोड पार गऱ्यो। दैलेखको भैरवी गाउँपालिका-१, जलजलेमा चार किलोमिटर गहिरो 'ड्रिलिङ' कार्य सम्पन्न भएसँगै त्यहाँ ८० अर्ब चार करोड घनमिटर प्राकृतिक ग्यासको भण्डार रहेको तथ्य सार्वजनिक भयो। यो प्रतिवेदनले परनिर्भर अर्थतन्त्रमा पिल्सिएका नेपालीमा ठूलो उत्साह र आशाको सञ्चार गरेको छ। तर, यो उत्साहलाई उपलब्धिको तहसम्म पुऱ्याउन जुन गम्भीरता र गतिशीलता राज्यले देखाउनुपर्ने थियो, त्यो अहिले सुस्ततामा बदलिने खतरा देखिएको छ। दैलेखमा ग्यास अन्वेषणको यात्रा २०७२ सालको भारतीय नाकाबन्दीको कष्टकर समयबाट औपचारिक रूपमा अघि बढेको हो। परनिर्भरताको पीडा भोगिरहेका बेला आफ्नै देशको गर्भमा रहेको इन्धन उत्खनन गर्ने संकल्पका साथ सुरु भएको यो परियोजना अहिले दोस्रो चरणमा पुगेर बजेट र अन्योलको चक्रव्यूहमा फसेको छ। चिनियाँ सरकारको आर्थिक र प्राविधिक सहयोगमा पहिलो चरणको ड्रिलिङ सम्पन्न भई ग्यासको परिमाण पुष्टि भए पनि, सो ग्यासको व्यावसायिक उपयोगिता र विस्तृत परीक्षण (ग्यास टेस्टिङ) का लागि आवश्यक प्रक्रिया अघि बढ्न सकेको छैन।

यस परियोजनामा देखिएको वर्तमान सुस्तताका मुख्य दुई पाटा छन्। बजेटको अभाव र कूटनीतिक उदासीनता। खानी तथा भूगर्भ विभागका अनुसार दोस्रो चरणको कामका लागि नेपाल सरकारसँग पर्याप्त बजेट छैन र थप सहयोगका लागि चीन सरकारलाई पठाइएको अनुरोधको जवाफ अझै आएको छैन। ८० अर्ब घनमिटर ग्यास तैरिएर बसेको रिपोर्ट हातमा बोकेर बजेट छैन भन्नु राज्यको ठूलो लाचारीपन हो। यस्तो रणनीतिक महत्वको आयोजना, जसले नेपालको व्यापार घाटा न्यून गर्न र औद्योगिक क्रान्ति ल्याउन सक्छ, त्यसलाई अलपत्र छाड्नु राष्ट्रिय स्वार्थविपरीत हुन्छ। परियोजनाको सफलता ग्यास फेला पर्नु मात्र होइन, त्यसलाई घरघरको चुल्हो वा उद्योगको मेसिनसम्म पुऱ्याउनु हो। यसका लागि प्राप्त ग्यासको विशेषता परीक्षण, आर्थिक तथा वातावरणीय विश्लेषण र उत्पादनको ठोस कार्ययोजना तत्काल आवश्यक छ।

पहिलो चरणको सम्झौता सकिएको अवस्थामा नेपाल सरकारले कि त आफ्नै आन्तरिक स्रोत व्यवस्थापन गर्नुपर्छ, कि त चिनियाँ पक्षसँग उच्चस्तरीय कूटनीतिक पहल गरी दोस्रो चरणको कामलाई तत्कालै गति दिनुपर्छ। हाम्रा राजनीतिक नेतृत्वमा आयोजनाको सफलतामा जस् लिने होडबाजी चल्नु नौलो होइन, तर त्यो होडबाजी काम सम्पन्न गर्ने तत्परतामा पनि देखिनुपर्छ। श्रीस्थान र नाभीस्थानमा सदिऔँदेखि बलिरहेका ज्वालाहरू अब केवल धार्मिक आस्थाको विषय मात्र रहेनन्, ती नेपालको आर्थिक भविष्यका प्रमाण हुन्। सरकारले यो बुझ्न जरुरी छ कि पेट्रोलियम अन्वेषण केवल प्राविधिक काम मात्र होइन, यो मुलुकको सार्वभौमिकता र आर्थिक स्वतन्त्रतासँग जोडिएको विषय हो। बजेट अभावको बहानामा एउटा आशालाग्दो परियोजनालाई अलपत्र पारेर फेरि पनि परनिर्भरताको अँध्यारोमा रुमल्लिने छुट हामीलाई छैन। तसर्थ, सरकारले तत्काल पहलकदमी लिई अलपत्र परेको दोस्रो चरणको अन्वेषण कार्यलाई उच्च प्राथमिकतामा राखी अगाडि बढाउनु पर्छ। उत्साहलाई उत्पादनमा बदल्ने संकल्प आजको आवश्यकता हो।

## विश्व

# युवा पुस्तालाई कृषि क्षेत्रमा आकर्षित गर्न के गर्ने ?

**काठमाण्डौं, १५ वैशाख ।**

कृषि क्षेत्र लोप हुने नियतिमा हो ? विश्वव्यापी रूपमा किसानको औसत उमेर निरन्तर बढिरहेको छ, विकसित देशमा यो ६० वर्ष नजिकिँदै छ। यसले विश्वव्यापी रूपमा लगभग एकचौथाइ रोजगारी आपूर्ति गर्ने यो क्षेत्रलाई अवरोधमा पार्छ, जबसम्म कृषिले ठुलो संख्यामा युवा कामदारलाई आकर्षित गर्दैन, यो तीव्र रूपमा घट्न सक्छ।

आशाजनक कुरा के छ भने विश्वको जनसंख्याको १६ प्रतिशत ( १.२ अर्ब मानिस) १५ देखि २४ वर्ष उमेरका छन्, यस समूहका धेरै मानिस विशेषगरी विकासशील देशमा काम खोज्न संघर्षरत छन्। उदाहरणका लागि, अफ्रिकामा २५ वर्षमुनिका मानिस जनसंख्याको लगभग ६० प्रतिशत ओगटेका छन्, जबकि १५ देखि ३५ वर्ष उमेरका लगभग एकतिहाइ अफ्रिकी बेरोजगार छन्। तर, विकासशील देशका युवा उच्च तलब र उच्च पदको कामको खोजीमा ग्रामीण क्षेत्रबाट सहर र विदेशमा भाग्ने क्रम जारी छ। यो बसाइँसराइको ढाँचाले कृषिमा काम गर्ने र ग्रामीण क्षेत्रमा बस्ने युवाको संख्यामा दशकौँदेखि विश्वव्यापी गिरावट आएको छ।

केन्यामा पछिल्ला दशकमा युवा कृषि रोजगारी नाटकीय रूपमा घट्यो। सन् १९९० मा ५८.९ प्रतिशतबाट २०२० मा २८.५ प्रतिशतमा झरेको छ। यसैबिच, युरोपको ग्रामीण युवा जनसंख्या (१५-२४ वर्ष) २०१३ र २०१९ को बिचमा १७ लाखले घट्यो र २०२५ मा महादेशको फार्मको केवल ४० वर्षमुनिका १२ प्रतिशत मानिसद्वारा व्यवस्थापन गरिएको छ। दक्षिणपूर्वी एसियामा २०२० मा ग्रामीण युवा कुल जनसंख्याको लगभग सात प्रतिशत मात्र थिए, जुन १९५० मा लगभग १६ प्रतिशत थियो, जबकि जापानका किसानमध्ये जम्मा ११ प्रतिशत ५० वर्षमुनिका छन्। र, ल्याटिन अमेरिकामा २०३० सम्ममा १२ लाख युवाले कृषि पेसा छाड्ने अनुमान गरिएको छ।

नयाँ पुस्तालाई कृषि कार्यमा आकर्षित गर्न हामीले यस क्षेत्रलाई हेर्ने दृष्टिकोणमा आमूल परिवर्तन आवश्यक छ। यसलाई अन्तिम उपायको सट्टा आपूर्ति शृंखलामा आकर्षक रोजगारीका अवसर प्रदान गर्ने युवाको पहिलो रोजाइको रूपमा पुनर्कल्पना गर्नुपर्छ। आखिर, कृषि भनेको केवल खाद्यान्न उब्जाउने मात्र होइन। यसले प्रशोधन, यातायात, खुद्रा व्यापार र अन्य सम्बन्धित उद्योगमा पनि रोजगारी सिर्जना गर्छ। रोजगारीमा यसको प्रभावका अतिरिक्त फस्टाउँदो कृषि क्षेत्रले समग्र कल्याणलाई सशक्त बनाउँछ। कम आय भएका देशमा कृषिको वृद्धि गरिबी घटाउन अन्य क्षेत्रको वृद्धिको तुलनामा दुई-तीन गुणा बढी प्रभावकारी हुन्छ, जबकि पोषण र खाद्य सुरक्षा सुधार गर्न उच्च कृषि उत्पादकता महत्वपूर्ण छ।

तर, यो क्षेत्र दृष्टिकोण वा धारणाको समस्याबाट ग्रस्त छ। युवाले कृषिलाई फोहोर, कम प्रविधियुक्त, कम तलब भएको र स्टाटस नभएको क्षेत्रको रूपमा हेर्ने गर्छन्। यसलाई उनीहरूले 'आधुनिक काम'को विपरीत हो। यदि सरकार युवालाई कृषिमा आकर्षित गर्न गम्भीर छ भने उसले यसको नाफा, तीव्रता र आकारलाई बेच्नुपर्छ। एक विश्वसनीय मुद्दा प्रस्तुत गर्न नीति आवश्यक पर्नेछ, जसले युवाले यस क्षेत्रलाई कसरी हेर्छन् भन्ने कुरामा अन्तर्निहित वैध चिन्तालाई सम्बोधन गर्छ। यसको अर्थ भूमि सुधार प्रणालीमा सुधार गर्नु, उच्च ज्याला अनिवार्य गर्नु र उद्यमशीलता समर्थन प्रदान गर्नु हो।

तथापि, धेरैजसो अवस्थामा सरकारी

बाँकी ३ पेजमा

# राष्ट्रिय पुस्तक नीतिको अपरिहार्यता



**महेन्द्रप्रकाश सिवाकोटी**





पुस्तक कुनै पनि राष्ट्रको बौद्धिक, शैक्षिक, सांस्कृतिक र सामाजिक विकासको आधार हो। ज्ञान, सूचना, अनुसन्धान, सिर्जना र सभ्यताको संरक्षणमा पुस्तकको महत्वपूर्ण भूमिका हुन्छ। नेपालमा पुस्तक क्षेत्र अझै व्यवस्थित हुन सकेको छैन।

लेखकका हकअधिकार, प्रकाशनको गुणस्तर, वितरण प्रणाली, पुस्तकालयको अवस्था तथा पाठक विस्तारका क्षेत्रमा चुनौती छन्। पुस्तक क्षेत्रलाई व्यवस्थित, समृद्ध र प्रभावकारी बनाउन पुस्तक नीतिको आवश्यकता पर्दछ। पुस्तक नीतिले पुस्तक लेखन, प्रकाशन, वितरण, अध्ययन संस्कृतिको विकास तथा पुस्तकालय व्यवस्थापनका लागि राज्यले तय गर्ने स्पष्ट योजना र मार्गदर्शनलाई बुझाउँछ। नेपालजस्तो बहुभाषिक र बहुसांस्कृतिक देशमा नेपाली भाषासँगै मातृभाषाका पुस्तक प्रकाशनलाई प्रोत्साहन दिन पनि पुस्तक नीति आवश्यक छ। यसले भाषा, साहित्य र संस्कृतिको संरक्षण गर्नुको साथै लोपोन्मुख भाषा र संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउँछ।

हरेक वर्ष अप्रिल २३ मा मनाइने विश्व पुस्तक दिवसले पनि विश्वभर पुस्तकको महत्व उजागर गर्न, पढ्ने बानीको विकास गर्न र लेखक तथा साहित्यकारलाई सम्मान गर्न खोजेको छ। सन् १९९५ मा युनेस्कोले यो दिवसको घोषणा गरेसँगै विश्वमा पुस्तक ज्ञानको प्रमुख स्रोत हो, यसले सोच्ने क्षमता र सिर्जनशीलता बढाउँछ एवं संस्कार, शिक्षा र सभ्यताको विकासमा पुस्तकको ठूलो भूमिका हुन्छ भन्ने तथ्यलाई आत्मसात् गरेको छ। नयाँ पुस्तामा पठन संस्कृतिको विकास गर्न पुस्तक नीति आवश्यक छ। आजकल 'डिजिटल' माध्यमको विस्तारसँगै पुस्तक पढ्ने बानी घट्दै गएको चिन्ता छ।

नेपालका लागि अत्यावश्यक राष्ट्रिय पुस्तक नीति बनाउने प्रक्रियाको सुरुआत २०६५ सालबाट भएको थियो तर विभिन्न अवरोध र चुनौतीको कारण त्यो समयमा काम अघि बढ्न सकेन। २०६९ सालमा पुनः राष्ट्रिय पुस्तक नीति मस्यौदा कार्यदल गठन गरेर यस विषयमा थप गम्भीरता अपनाइएको थियो। त्यो कार्यदलले राष्ट्रिय पुस्तक नीति २०६९ को मस्यौदा तयार गरी तत्कालीन शिक्षामन्त्रीलाई बुझाएको थियो, जसमा पुस्तकहरूको गुणस्तर, वितरण, पहुँच र अन्य महत्वपूर्ण पक्षहरूलाई ध्यानमा राखिएको थियो। यसले नेपालको शिक्षा क्षेत्रको सुधार र पुस्तक बजारको व्यवस्थित विकासका लागि एउटा मजबुत आधार तयार गर्न प्रयास गरिरहेको थियो। तर, उक्त नीति पनि विभिन्न कारणहरूले गर्दा जारी हुन सकेन।

नीति बनाउनकै लागि, तेस्रो पटक, २०७२ फागुन ३० गते तत्कालीन शिक्षामन्त्रीको अध्यक्षतामा राष्ट्रिय पुस्तक नीति मस्यौदा तर्जुमा कार्यदल गठन गरियो। यो कार्यदलले काम गरिरहेको अवस्थामा पुस्तक माफियाहरूको कारण कार्यदललाई काम गर्न दिइएन। त्यसपछि, राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदा निर्माणका क्रममा पुस्तक तथा शिक्षा क्षेत्रका दर्जनौँ सङ्घसंस्था, दुई सयभन्दा बढी शिक्षा क्षेत्रका बुद्धिजीवीहरूको संलग्नतामा नौ महिनाको गहन अध्ययन, सल्लाह र सुझाव लिएर पुस्तक नीति २०७३ को प्रारुप तयार गरिएको थियो। सो पुस्तक नीतिको प्रारुप तयार भएपछि, फेरि पनि देशैभरिबाट शिक्षा तथा पुस्तक क्षेत्रमा संलग्न व्यक्तित्वहरूबाट सुझाव मागिएको थियो र सो सुझावहरूलाई समेत उक्त दस्तावेजमा समावेश गरी राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदा तयार पारिएको थियो।

झण्डै १० वर्षअघि राष्ट्रिय पुस्तक नीतिको मस्यौदा बने पनि त्यसलाई पारित गरी कार्यान्वयनमा ल्याउन नदिँदा अहिलेसम्म राज्यको महत्वपूर्ण क्षेत्र नीतिविहीन बन्न पुगेको छ। आजको डिजिटल युगमा पनि पुस्तकको महत्व उत्तिकै छ। त्यसैले नियमित रूपमा पुस्तक पढ्ने बानी बसाल्नु आवश्यक छ। विश्वका कतिपय देशहरूले डिजिटलको अलावा पुस्तकको माध्यमबाट अध्ययन अध्यापन गराउने अभ्यासलाई जोड दिन थालेका छन्। पुस्तकको महत्वलाई धेरै देशहरूमा नीतिगत व्यवस्था गरी लेखक, पाठक र प्रकाशकहरूको साझा भूमिकामा जोड दिइएको पाइन्छ।

संयुक्त राष्ट्रसङ्घीय निकाय, युनेस्कोले सन् १९७२ मा विश्वका १९३ मुलुकमा राष्ट्रिय पुस्तक नीति लागू गर्दा नेपालमा पनि राष्ट्रिय पुस्तक नीति लागू गर्न खोजिएको थियो।

पुस्तक नीतिका सन्दर्भमा, युनेस्कोले निर्देश गरेका ज्ञानको स्वतन्त्र र निर्बाध प्रवाहलगायत अवधारणाप्रति भने नेपालले औपचारिक सहमति जनाइसकेको अवस्था पनि छ तर, नेपालका शिक्षा क्षेत्रका माफियाहरूकै चलखेलले गर्दा हालसम्म उक्त पुस्तक नीति नेपालमा लागू गर्न सकिएको छैन। राष्ट्रिय पुस्तक नीतिले समग्र मुलुकको शिक्षा प्रणालीलाई सशक्त र संरचित बनाउने उद्देश्य राख्दछ। यदि यसलाई समयमै प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सकियो भने नेपालको पुस्तक बजार र शिक्षा प्रणालीमा अत्यन्त सकारात्मक सुधार ल्याउन सकिनेछ।

राष्ट्रिय पुस्तक नीति जारी नगर्नु भनेको वास्तवमै देशको शैक्षिक, सांस्कृतिक र व्यावहारिक ज्ञान तथा आउँदा पुस्ताहरूको भविष्यमाथि गम्भीर प्रहार गर्नु हो। यस्तो कार्यले पुस्तक उद्योगलाई पूर्णतया नियन्त्रण गर्ने माफिया समूहको आर्थिक प्रभुत्व झन् बलियो बनाउनेछ, जसले शिक्षाको गुणस्तरमा गम्भीर गिरावट ल्याउने खतरा पैदा गर्दछ।

वास्तवमा पुस्तक नीतिले शिक्षा क्षेत्रमा पारदर्शिता, पहुँच र गुणस्तर सुनिश्चित गर्दै स्थानीय प्रकाशन उद्योगलाई बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ। शिक्षाको गुणस्तर, पाठ्यक्रम सामग्रीको उपलब्धता, र प्रकाशन उद्योगको दीर्घकालीन समृद्धि सुनिश्चित गर्न, राष्ट्रिय पुस्तक नीति २०७३ को निरन्तरता कायम राख्न र यसलाई अझ सशक्त बनाउन सबै पक्ष एकजुट हुन आवश्यक छ। यस नीतिको प्रभावकारी कार्यान्वयनले नेपालको शिक्षा प्रणालीलाई गुणस्तरीय र पहुँचयोग्य बनाउने नेपाल पुस्तक सङ्घको ठहर छ।

मुलुकमा गुणस्तरीय शिक्षा विकास गर्न राष्ट्रिय पुस्तक नीति, रणनीति तथा कार्यनीति बन्न जरुरी हुन्छ। पुस्तकको गुणस्तर वृद्धिको सुनिश्चितता हासिल गर्न, पाठकका रुची र आवश्यकताअनुसारका पुस्तकहरूको उत्पादन, वितरण, भण्डारण तथा पठन संस्कृतिको विकास गर्न पनि नयाँ पुस्तक नीति बन्नु आवश्यक छ। पुस्तकको प्रवर्द्धनलाई व्यवस्थित र चुस्त बनाई, आयात तथा निर्यातलाई व्यवस्थित गर्न र यी सबै क्षेत्रमा आवश्यक व्यावसायिक दक्षता समेत हासिल गर्नका लागि नीतिले मार्गनिर्देश गर्न सक्दछ।

खासगरी नयाँ पुस्तामा सामाजिक सञ्जालप्रतिको बढ्दो आकर्षणले गर्दा पुस्तक पठन संस्कृति हराउँदै जान थालेको छ। पुस्तक, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक र विविध पुस्तकहरूलाई परिभाषित गरी मुद्रित, साङ्केतिक, प्रयोगात्मक, डिजिटल वा अनलाइन पुस्तक निर्माणको आधार, लेखक र सम्पादकको योग्यता, पुस्तकको प्राज्ञिक तथा भौतिक गुणस्तरलगायत विषयलाई पनि ध्यान दिनुपर्ने समय आएको छ।

नेपालको विद्यालयमा शिक्षाको गुणस्तर गिराउने, पुस्तक बजारलाई अस्तव्यस्त बनाउने र राष्ट्रिय ढुकुटी के-कसरी ब्रह्मलुट गर्न सकिन्छ भन्ने योजनाकार तथा माफियाहरूको गतिविधि गम्भीर चिन्ताको विषय बनिसकेको छ। कसैले थाहा नै नपाउने गरी विस्तारै बहुपाठ्यपुस्तक लागू गर्ने अनि सरकारी विद्यालयका पाठ्यपुस्तकहरू समेत अभिभावकहरूलाई खरिद गर्न लगाउने र जनक शिक्षा सामग्री जस्ता संस्थालाई सदाका लागि बन्द गराउन खोज्नुले कसैलाई फाइदा पुग्दैन। शिक्षा क्षेत्रको गिरावट र पुस्तक बजारको अस्तव्यस्तता कुनै पनि राष्ट्रको भविष्यमा दीर्घकालीन प्रभाव पार्न सक्छ। यसका कारण, शिक्षामा गुणस्तरको कमी मात्र होइन, जनताको अधिकारको पनि उल्लङ्घन हो। राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदामा पनि केही परिमार्जनहरू गर्न सकिन्छ। पुस्तक नीति केवल प्रकाशन क्षेत्रको नीति होइन, यो राष्ट्रको ज्ञान, चेतना र सभ्यताको भविष्यसँग जोडिएको विषय भएकाले समृद्ध समाज निर्माणका लागि प्रभावकारी पुस्तक नीति अपरिहार्य छ।

नेपालका आम जनतालाई शिक्षामा गुणस्तरीयता र पुस्तकको पहुँच सुनिश्चित गर्ने उद्देश्य अनुसार जनताका हक र अधिकारहरूको रक्षा गर्दै, नेपालको पुस्तक बजारलाई व्यवस्थित र पारदर्शी बनाउने मार्गप्रशस्त गर्नुपर्ने समय आएको छ। वर्तमान समयमा ई-बुक, अडियोबुक तथा डिजिटल पुस्तकालयको महत्व बढ्दो छ। अनलाइन प्रकाशन र डिजिटल पुस्तकको व्यवस्थापन गर्ने गरी नीति बन्नु आजको मुख्य आवश्यकता हो। *(लेखक : नेपाल पुस्तक सङ्घका महासचिव तथा राष्ट्रिय पुस्तक नीति मस्यौदा तर्जुमा कार्यदल सदस्य हुन्)*

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८
**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५
**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१
**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष** बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ।

**वृष** निर्णायक मोडमा दुविधा उत्पन्न हुने हुँदा विशेष सजगता अपनाउनुहोला। बेलैमा योजना बनाएर गरेको कामले फाइदा हुनेछ।

**मिथुन** सहयोगीहरूले साथ नदिए पनि केही काम सम्पादन हुनेछन्। पुरुषार्थद्वारा प्रतिस्पर्धीहरूलाई पछि पार्न सफल भइनेछ।

**कर्कट** अध्ययनमा प्रगति गर्दै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्ने छन्।

**सिंह** दिन रमाइलो रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। पहिलेको सफलताले हौसला जगाउनेछ।

**कन्या** दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरका लागि केही दौडधुप गर्नुपर्ला। खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ।

**तुला** मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। आयआर्जनका स्रोत बढ्नेछन् र प्रतीक्षित नतिजाले पनि उत्साह जगाउनेछ।

**वृश्चिक** कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। अरूको मुख ताक्ने बानीले पछि परिनेछ। साइनो गाँस्नेहरूबाट जोगिएर काम गर्नुहोला।

**धनु** फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ। धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला। चिताएको काम छिटै सम्पादन हुनेछ।

**मकर** अस्वस्थताले कमजोरी अनुभव हुनेछ। अध्ययन र बौद्धिक काममा पछि परिनेछ भने व्यापारमा सोचेको फाइदा नउठ्ने देखिन्छ।

**कुम्भ** विभिन्न अवसरले पछ्याउनेछन् भने कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ।

**मीन** पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। प्रयत्न गर्दा अवसर प्राप्त हुनेछ।

# बाँकेका छ स्थानीय तहमा जग्गा नापजाँच



**युग संवाददाता**
**बाँके, १५ वैशाख ।**
भूमि समस्या समाधान आयोगले जिल्लाका छ स्थानीय तहमा भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको जग्गा नापजाँच गरेको छ। नेपालगन्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, राप्तीसोनारी, बैजनाथ, खजुरा र जानकी गाउँपालिकामा जग्गाधनी पुर्जा वितरणका लागि जग्गा नाप जाँच भइरहेको भूमि समस्या समाधान आयोग जिल्ला समिति बाँकेका अध्यक्ष घननाथ खनालले बताए।

उनका अनुसार कोहलपुर नगरपालिकाका १५ वटै वडा, जानकी गाउँपालिकाको ५ नं वडा, बैजनाथ गाउँपालिकाको वडा नं १, ४, ६ र ७, राप्तीसोनारी गाउँपालिकाको २, ३, ४, ५, ७ र ९ खजुरा गाउँपालिकाको वडा नं ४ र ५ मा नाप नक्सा सम्पन्न भइसकेको छ। नेपालगन्ज उपमहानगरपालिकाको वडा नं ६, १९, २० र २१ जानकीको वडा नं ४, बैजनाथको २, ३, ५ र ८, राप्तीसोनारीको १, ६ र ८ र खजुरा गाउँपालिकाको ६, ७ र ८ नं वडामा नापनक्सा गर्ने कार्य भइरहेको छ। डुडुवा र नरैनापुर गाउँपालिकामा हालसम्म नाप नक्सा सुरु हुनसकेको छैन।

**आठ सय छ जनालाई लालपुर्जा वितरण**

भूमि समस्या समाधान आयोग जिल्ला समिति बाँकेले हालसम्म ८०६ भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासी र अन्य अव्यवस्थित बसोवासीलाई जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) वितरण गरेको छ।

कोहलपुर नगरपालिका र राप्तीसोनारी गाउँपालिकामा रहेका १२५ भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासी र ६८१ अन्य अव्यवस्थित बसोवासी गरी हालसम्म ८०६ जनालाई जग्गाधनी प्रमाणपत्र वितरण गरेको अध्यक्ष खनालले बताए।

"सबैभन्दा धेरै कोहलपुर नगरपालिका वडा नं १ मा ५४० अव्यववस्थित बसोवासी र १०० भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई लालपुर्जा वितरण गरिएको छ", अध्यक्ष खनालले भने, "राप्तीसोनारी वडा नं ४ मा १४१ अव्यवस्थित बसोवासी र २५ जना भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ।"

कोहलपुर वडा नं १ मा ११७ जना भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई जग्गाधनी पुर्जाका लागि राजस्व बुझाउन सूचना जारी गरेकामा १०० जनाले राजस्व जम्मा गरी आएका थिए। त्यसैगरी ७२६ अव्यवस्थित बसोवासीलाई राजस्व जम्मा गर्न सूचना जारी गरेकामा ५४० जनाले राजस्व जम्मा गरेको अध्यक्ष खनालले जानकारी दिए।

जग्गाधनी पुर्जाका लागि आवासमा मूल्याङ्कनको १० प्रतिशत र जमिनमा मूल्याङ्कनको पाँच प्रतिशत राजस्व जम्मा गर्नुपर्ने प्रावधान रहेको छ। राजस्व जम्मा गर्न सूचना जारी गरे पनि कतिपय सम्पर्कमा नआएको र कतिपयसँग राजस्व बुझाउने रुपैयाँसमेत नभएको पाइएको अध्यक्ष खनालको भनाइ छ।

जग्गाधनी पुर्जा वितरणबाट हालसम्म कोहलपुर नगरपालिकाबाट पाँच करोड २७ लाख ४६ हजार ३१७ रुपैयाँ र राप्तीसोनारी गाउँपालिकाबाट ५१ लाख ८३ हजार ९९२ गरी जम्मा पाँच करोड ७९ लाख ३० हजार ३०९ रुपैयाँ राजस्व सङ्कलन भएको छ।

कोहलपुर नगरपालिका-१ मा रहेका थप ८८२, बैजनाथ गाउँपालिका-७ का २२ र खजुरा गाउँपालिका-४ का ५० अव्यवस्थित बसोवासी र ३० जना भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई राजस्व जम्मा गर्न आयोगले सूचना प्रकाशित गरेको छ।

## यस्ता...

जीडीपीको ३४.५२ प्रतिशत आयात हुने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा जीडीपीको ३३.७२ प्रतिशत आयात हुने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्क अनुसार उक्त वर्षमा न्मए को ३२.६२ प्रतिशत आयात भएको छ।

आर्थिक वर्ष २०८२/८३ मा जीडीपीको ४४.७७ प्रतिशत कुल राष्ट्रिय बचत हुने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा जीडीपीको ३८.३९ प्रतिशत कुल राष्ट्रिय बचत हुने संशोधित अनुमान छ। आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्क अनुसार उक्त वर्षमा जीडीपीको ३५.६० प्रतिशत कुल राष्ट्रिय बचत भएको छ।

## युवा...

नीतिले कम प्रतिफल दिने कृषि गतिविधिमा ध्यान केन्द्रित गर्छन्, जसले थोरै वित्तीय स्थिरता वा प्रगति प्रदान गर्छ। बाली उब्जाउन वा जनावर पाल्न प्रोत्साहित गर्नुको सट्टा युवालाई सहरीकरण, प्राविधिक प्रगति र स्थानीय रूपमा प्राप्त हुने खानाको बढ्दो मागले गर्दा कृषि बाहिरका कामलाई पनि द्रुत सहयोग गर्ने दिशामा अगाडि बढ्नुपर्छ। यसमा खाद्य प्रशोधन, प्याकेजिङ, भण्डारण र वितरण (जस्तै- सहरी कृषि बजार) समावेश छ। उदाहरणका लागि उत्पादक र कामदारको आम्दानी बढाउन, घानाको साना कोको किसानको अग्रणी सहकारी संस्था कुआपा कोकुले घरेलु प्रशोधन सुविधामा लगानी गरिरहेको छ।

भियतनामको धानको भाँडो र एसियाकै सबैभन्दा महत्वपूर्ण कृषि क्षेत्रमध्ये एक मेकोङ डेल्टामा थोरै युवा खेतबारीमा काम गर्न चाहन्छन्। बरु, तिनीहरू कृषि सेवा, विस्तार र अनुसन्धान साथै कृषि व्यवसायमा आफ्नो भविष्य देख्छन्। वास्तवमा, कृषि-प्रविधि स्टार्टअपहरूले साना किसान र सहकारीलाई वित्तपोषण र निर्यात बजारमा पहुँच प्रदान गरेर भियतनाममा आपूर्ति शृंखलालाई पहिले नै पुनः आकार दिइरहेका छन्।


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. कर्णाली प्रदेश कार्यालय सुर्खेतको २१ दिने सूचना

**(सूचना प्रकाशन मितिः२०८३।०१।१६)**

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिमको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरि बुझाउंनुपर्ने कर्जाको सावा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ।
उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बधी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिदा लेखिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौ। साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैकबाट कर्जा लिन मञ्जुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराइएको छ।
**सम्बन्धित कार्यालयको नाम–कृषि विकास बैंक लि. शाखा कार्यालय, सुर्खेत**

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे/ससुराको नाम | ग्राहकको पिता र पतिको नाम | कर्जाको उदेश्य | सावा रकम रु | मिति २०८२।१२।३० सम्मको व्याज तथा अन्य लेना रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जुरीनामा तथा जमानत दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गंगा कुमारी पाण्डे | वी.न.पा ११ सुर्खेत | खड्क बहादुर पाण्डे | कर्ण बहादुर पाण्डे | भैसीपालन | २३५,००० | २१,७०० | २५६,७०० | कर्ण बहादुर पाण्डे | ५४३१ |
| २ | भेरी कर्णाली फेन्सी पसल प्रो. पदमा खड्का | वी.न.पा ०६ सुर्खेत | विर वहादुर खड्का | भीम बहादुर खड्का | व्यापार कर्जा | १,८००,००० | १३५००० | १,९३५,००० | पदमा खड्का | |
| ३ | कुशल पशुपक्षी तथा कृषि फर्म प्रो. भिम बहादुर खड्का | वी.न.पा ११ सुर्खेत | जित बहादुर खड्का | दल बहादुर खड्का | कृषि/सहुलियतपूर्ण कर्जा | २,०००,००० | ५७००० | २,०५७,००० | भिम बहादुर खड्का | ७५१७ |
| ४ | सुरेश कुमार चन्द | वी.न.पा ०३ सुर्खेत | पृथु चन्द | भुवन चन्द | व्यक्तिगत ओ भरडूफ्ट कर्जा | ३४७,००० | १९००० | ३६६,००० | सुरेश कुमार चन्द | ७२७४ |
| ५ | बसन्त विक्रम जि.सी. | वी.न.पा ०९ सुर्खेत | इन्द्र बहादुर जि.सी. | ओम बहादुर जि.सी. | व्यक्तिगत ओ भरडूफ्ट कर्जा | १,१००,००० | ४५,५०० | १,१४५,५०० | बसन्त विक्रम जि.सी. | ४३६६ |
| ६ | कोपिला एग्रिकल्चर एण्ड लाइभस्टक प्रा.लि. सं.दिपेन्द्र कार्की, अजय कुमार कार्की | वी.न.पा ०३ सुर्खेत | मुदु गिरी | भैरवदेव गिरी | कृषि/सहुलियतपूर्ण कर्जा | २,७५४,००० | १६,००० | २,७७०,००० | वीन सरी गिरी | रु ७,५४००० सावाँको भाखा नाघेको |
| | | | | | जम्मा | ८,२३६,००० | २९४,२०० | ८,५३०,२०० | | |

**कृषि विकास बैंक लि.**
**कर्णाली प्रदेश कार्यालय, सुर्खेत**



## Sharada Municipality
## Office Of The Municipal Executive
**Khalanga, Salyan**
**Karnali Province, Nepal**

**Invitation For Sealed Quotation**

**Date of Notice Publication: 27-04-2026**

1 The Sharada Municipality, Khalanga, Salyan invites sealed quotations from registered bidders for the following.

| S. N. | Description of works | Estimated Amount (Without VAT) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity and Bid Security Validity |
|---|---|---|---|---|---|
| 1 | Procurement of Medicines and Surgical Items (SMO/SQ/GOODS/06/2082/083) | 19,96,554.77 | 1,000.00/- | 50,000.00/- | 45 Days and 75 Days respectively from the date of Opening. |
| **Bank Details to deposit the fee for Bid Doc. Fee and Bid Security** | | | | | |
| Name of Office: Sharada Municipality, Salyan<br>Name of Bank: Nepal Bank Limited, Salyan | | Revenue Account No. (for Bid Doc.): 07403000001001000001 | Rajaswa (revenue) Shirshak No :GA 1.1 | Account No. (for Bid Security): 07403000003000000001 | Office Code: 801066003 |

2. Sealed bids must be submitted to the above office through e-GP system i.e www.bopatra.gov.np/egp on or before 13-05-2026 12:00 hours. Bids received after this deadline will be rejected.

**Chief Administrative Officer**



## गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**अत्तरिया, कैलाली**
**सुदूरपश्चीम प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

**प्रकाशित मिति : २०८३/०१/१६**

यस कार्यालयबाट मिति २०८२।११।१५ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम तपशिल उल्लेखित ठेक्का नं र कार्य विवरण संग सम्बन्धित निर्माण कार्यको लागि रितपुर्वक e-GP System : www.bolpatra.gov.np/egp बाट दर्ता हुन आएका बोलपत्रहरु मध्ये सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राबिधिक प्रस्ताव छनोट भएको हुदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज. को उपनियम ४ र ५ बमोजिम सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| सि.नं | ठेक्का संकेत नं र नाम | प्राबिधिक पक्षमा छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| 1 | GM/NCB/W/2082/083/18 Construction of Jonapur Ring Road Connecting Dhangadhi -Dipayal Fast Track ward no 08 | 1. M/S Uma Infra Builders Pvt.Ltd, Kailali<br>2. M/S Minu Construction Pvt.Ltd, Dadeldhura<br>3. M/S Uchchakoti Nirman Sewa , Dhangadhi, Kailali<br>4. M/S P.K-Binod-Sagar JV, Dhangadhi, Kailali<br>5. Devithan/Dil JV Accham<br>6. M.B.Ashu J/V, Dadeldhura<br>7. SHREEPUR-KHAPTAD JOINT VENTURE, Kailali<br>8. Sarvashri-Kiran-Glourious JV, Kailali<br>9. Rudrawati NirmanSewa Pvt. Ltd.Dadeldhura<br>10. Jagadamba-Bhattari J.V, Kailal | गोदावरी न.पा कार्यालय कैलाली<br>मिति :२०८४-०१-२३<br>समय : दिउसो १:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**



## सुन्दर नेपाल संस्था
**पोषण परियोजना**
**वीरेन्द्रनगर–०८, सुर्खेत**

**शिलबन्दी दरभाउपत्र मागको सूचना**

**(प्रथम पटक प्रकाशित मिति :२०८३।०१।१६)**

सुन्दर नेपाल संस्था (BNA), सामुदायिक विकासमा क्रियाशील एक मुनाफारहित गैह्र सरकारी संस्था हो। CARE Nepal, iDE Nepal को संयुक्त साझेदारीमा सुन्दर नेपाल संस्थाको सहजीकरणमा संचालित पोषण परीयोजना सुर्खेत जिल्लाको ५ वटा पालिका (वीरेन्द्रनगर, वराहताल, लेकवेशी, गुर्भाकोट र भेरीगंगा)मा संचालन भएको छ। समुदायका १२५ वटा आमा समुहहरुमा सामाग्री आपुर्तिगर्ने इच्छुक आपूर्तिकर्ता मुल्य अभिबृद्धि कर (भ्याट वा प्यान)मा दर्ता भएका उत्पादक, अधिकृत बिक्रेता तथा वितरकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिलको शर्तहरुको अधिनमा रहि आपूर्तिकर्ताले गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मिति र समयमा प्राप्त शिलबन्दी दरभाउपत्र लाई मात्र छनौट प्रक्रियामा समावेश गरिनेछ। म्याद नाघी आएका, रीत पुरा नभएका दरभाउपत्रलाई प्रक्रियामा समावेश गरिनेछैन। शिलबन्दी दरभाउपत्रमा उल्लेखित समामग्रीहरु आंशिक रुपमा पनि खरिद गर्न सकिने छ।

**शर्तहरु :**

१. शिलबन्दी दरभाउपत्रको फारम सुन्दर नेपाल संस्थाको कार्यालयबाट वा संस्थाको वेवसाइट www.sundernepal.org.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिने छ।
२. शिलबन्दी दरभाउपत्र फारमका साथ उधोग रफर्म दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र चालु आ.व.को कर चुक्ता वा म्याद थप पेश गरी शिलबन्दी दरभाउपत्र खाम बाहिर दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिबार्य हुनुपर्नेछ।
३. शिलबन्दी दरभाउपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्दी गरिएको हुनुपर्नेछ, अन्यथा उक्त दरभाउपत्र दर्ता गर्न संस्था बाध्ये हुने छैन।
४. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम मितिको पहिलो दिन १ बजे सुन्दर नेपाल संस्थाका प्रतिनिधिहरु र दरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थितिमा यस सुन्दर नेपाल संस्था को कार्यालयमा दरभाउपत्र खोलिनेछ। यदि दरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थिति हुन नसकेको खन्डमा पनि दरभाउपत्र खोलिनेछ। तर सो दिन सार्बजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन दरभाउपत्र खोलिने छ।
५. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने वा नगर्ने अधिकार सुन्दर नेपाल संस्थामा निहित हुनेछ।
६. यस बाहेक थपजानकारी आबश्यक परेमा तल उल्लेखित कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।
७. सामाग्रीहरुको मापदण्ड तथा गुणस्तर चेकजांच गरेपछि मात्र भुक्तानी प्रक्रियामा बढाइने छ।

**आवश्यक सामाग्रीहरु अनुमानित परिमाणमा :**

(क) टिन बाकस (४२ mm को पाता, ३० इन्च लम्बाइ, १० इन्च उचाइ र १३ इन्च चौडाइ)-१२५ वटा
(ख) त्रिपाल (१८ फिट लम्बाइ १५ फिट चौडाइ)-१२५ वटा
(ग) योगा म्याट (८ mm को मोटाइ, ६ फिट लम्बाइ २ फिट चौडाइ)-६२५ वटा
(घ) बाल्टी (१० लिटर क्षमता, प्लास्टिकको, ढक्कन र टुटी सहित)-१२५ वटा

माथि उल्लेखित वस्तुहरू मध्ये व्यवसायिक आधारमा कुनै १ वा सो भन्दा बढी वस्तुको पनि कोटेशन हाल्न सकिनेछ।
**अनुमानितमा १० प्रतिशत सम्म घटबड हुन सक्ने छ।**
**फारम बुझाउने अन्तिम मिति** : २०८३।०१।२२ गते ५ बजेसम्म हुनेछ।
**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगाना/स्थान :**
सुन्दर नेपाल संस्थाको कार्यालय, आवास क्षेत्र सुर्खेत, फोन नं ०८३-५२०९२६, ०८३-५२३५३०

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# 'डिप ट्युबवेल' जडानसँगै सिँचाइको असुविधा हट्यो

**युग संवाददाता**
**कञ्चनपुर, १५ वैशाख ।**

यहाँको शुक्लाफाँटा नगरपालिका-१० प्रगतिटोलमा सिँचाइ सुविधा पुगेपछि स्थानीय किसानहरूमा खुसी छाएको छ। वर्षौंदेखि सिँचाइ अभाव भोग्दै आएका किसानहरूका लागि डिप ट्युबवेल जडान भएपछि खेतीपातीमा नयाँ आशा पलाएको हो।

प्रगतिटोलका किसान परमानन्द जोशी सिँचाइ सुविधा पुगेपछि निकै उत्साहित देखिए। "पहिले सिँचाइको अभाव हुँदा खेतमा जति मेहनत गरे पनि उब्जनी सन्तोषजनक हुँदैनथ्यो", उनले भने, "अब खेतमै डिप बोरिङ जडान भएपछि सिँचाइ गर्न कुनै समस्या छैन।" उनका अनुसार पानीको सहज उपलब्धताले उत्पादन बढ्ने अपेक्षा गरिएको छ।

किसानहरूको लामो समयदेखिको सिँचाइ समस्या समाधान गर्न सुदूरपश्चिम प्रदेश सरकारको पहलमा रु २५ लाखभन्दा बढीको लगानीमा डिप ट्युबवेल जडान गरिएको हो। उक्त योजना प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह महराको संसदीय विकास कोषबाट विनियोजित बजेटमार्फत जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले कार्यान्वयन गरेको हो।

वडाध्यक्ष लालबहादुर ऐरका अनुसार डिप ट्युबवेल सञ्चालनमा आएपछि प्रगतिटोलका ५० भन्दा बढी किसान प्रत्यक्ष लाभान्वित भएका छन्। "सिँचाइको समस्या ल्याएर किसानहरू पटक-पटक धाउदै आएका थिए", उनले भने, "त्यही माग मन्त्रीसमक्ष राख्दा उहाँले कोषमार्फत बजेट विनियोजन गरी योजना कार्यान्वयनमा ल्याउनुभयो।"

उनका अनुसार अब सिँचाइ अभावका कारण बाँझोजस्तै रहेका खेतहरूमा अन्नबाली, तरकारी तथा अन्य नगदे खेती विस्तार गर्न सकिने भएको छ। यसले स्थानीय किसानहरूको आयआर्जन बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

स्थानीय किसान हरिकृष्ण चौधरीले डिप बोरिङ जडानसँगै व्यावसायिक खेतीतर्फ आकर्षण बढेको बताए। "पहिले पानीको अभावका कारण थोरै जमिनमा मात्रै तरकारी र वसन्ते मकैखेती गर्थ्यौं", उनले भने, "विद्युतीय मोटर प्रयोग गरेर पानी तान्दा पनि पर्याप्त सिँचाइ गर्न घण्टौं लाग्थ्यो, तर अहिले त्यो समस्या हटेको छ।" उनका अनुसार अब व्यावसायिक तरकारीखेती गरी राम्रो आम्दानी गर्ने लक्ष्य लिइएको छ।

डिप ट्युबवेलको क्षमता करिब ६० बिघा जमिनमा सिँचाइ पुर्‍याउने रहेको बताइएको छ। यसले कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुने स्थानीयको विश्वास छ। केही पूर्वाधार अझै अधुरै रहेको किसानहरूले बताउनुभएको छ। स्थानीय किसान यशोदा भट्टका अनुसार हाल बोरिङ गाड्ने काम मात्रै सम्पन्न भएको छ भने पानी वितरणका लागि आवश्यक पाइपलाइन विस्तार हुन बाँकी छ। "आउँदो बजेटमा पाइपलाइन विस्तारका लागि आवश्यक बजेट विनियोजन गर्न वडा कार्यालयमार्फत सम्बन्धित निकायसँग अनुरोध गरेका छौं", उनले भने।

उनका अनुसार सिँचाइ प्रणालीलाई व्यवस्थित गर्न सकिए मात्रै सबै किसानसम्म समान रूपमा पानी पुर्‍याउन सकिनेछ। अन्यथा केही क्षेत्र मात्र लाभान्वित हुने र बाँकी किसान अझै समस्या भोग्नुपर्ने अवस्था आउन सक्ने उनको भनाइ छ।

# कर्णाली प्रदेशसभाको आठौं अधिवेशन आह्वानका लागि सिफारिस

**युग संवाददाता**
**सुर्खेत १५ वैशाख ।**

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको आठौं अधिवेशन आह्वानका सिफारिस गरिएको छ।

कर्णाली प्रदेश सरकारको आज बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशसभाको आठौं अधिवेशन आह्वानका लागि कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशी समक्ष सिफारिस गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जानकारी दिनुभयो।

उनका अनुसार प्रदेशसभाको दोस्रो कार्यकालको आठौं अधिवेशनको पहिलो बैठक यही वैशाख २८ गते बुधबार दिउँसो ३:०० बजे बस्ने गरी आह्वानका लागि प्रदेश प्रमुखसमक्ष सिफारिस गरिएको हो। यसअघि गत चैत १५ कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको सातौं अधिवेशन अन्त्य भएको थियो।

## चालु...

आर्थिक वर्ष २०८१/८२ मा ३.८० प्रतिशत हुने संशोधित अनुमान र आर्थिक वर्ष २०८०/८१ मा ३.३८ प्रतिशत कायम भएको विवरण सार्वजनिक गरिएको छ।

त्यसैगरी, उपभोक्ताको मूल्यमा आर्थिक वृद्धिदर आर्थिक वर्ष २०८१/८२ मा ४.४३ प्रतिशत हुने संशोधित अनुमान गरिएको छ। साथै, आर्थिक वर्ष २०८०र८१ मा ३.६८ प्रतिशत कायम भएको छ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री राम वहादुर थापा धनी रहेको, दर्ता नम्बर ७००१/०७७/०७८ बाट वीन.न.पा-११, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री रामु ग्यारेज नामको प्राइभेट / साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री सिता खड्का धनी रहेको, दर्ता नम्बर ८०१० बाट वीन.न.पा-०८, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री राज परामर्स सेवा नामको प्राइभेट / साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चौरजहारी, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

### ठेक्का स्वीकृतीको आशयको सूचना

**प्रकाशित मिति: २०८३।०१ ।१६**

प्रस्तुत बिषयमा मिति २०८२।१२।२४ गते यस कार्यालयवाट प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरुको वोलपत्र मुल्यांकन समितिबाट तपसिल वमोजिम वोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

| क्र. सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | CJM/WORKS/ SBQ/01/082/083 | Construction of Railing, Gate and others iron works in Various Community School Under Chaurjahari Municipality Rukum West | Kalikaa nirman Sewa Chaurjahari-02, Rukum west | NRS 1413243.88 |

## बिमालेख हराएको सूचना

मिति २०८३ वैशाख ४ गते सुर्खेतदेखि छिन्चुतर्फ जानेक्रममा मेरो निम्न व्यहोरा भएको सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि.को बिमालेख हराएको हुँदा भेटाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय, स्थानीय पालिका, वडा कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क राख्नुहोला।

**तपशिल :-**
**नाम:** आशा रावत
**ठेगाना** : गुर्भाकोट न.पा-१०, सुर्खेत
**सम्पर्क नं** : ९८१६११७६४१
**बिमालेख नं** : ३०१०००००५१०९
**कम्पनी** : सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.

शान्ति र सद्भाव कायम गरौं।

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिँडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुर्‍याऔं,

**सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

GANGAMALA
TRAVELS & TOUR PVT. LTD
CAR WASH

Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।